**वनगाड कुपिण्डे नगरपालिका सल्यानको आ.व. २०७७।७८ को वार्षिक वजेट**

नगर उपप्रमुख मञ्जु यरी

मिति २०७७असार १० गते

वजेट कार्यक्रम

**“रोकौ माहामारी ,सुधारौ पूर्वाधार,प्रकृतिमैत्री उत्पादन,सचेत नागरीक मार्फत वढाऔ रोजगारी”**

नगरसभा सदस्यज्यूहरु

१.वनगाड कुपिण्डे नगरपालिकाको आ.व.२०७७।७८ को वजेट प्रस्तुत गर्ने यस घडिमा सर्वप्रथम लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरु त्था निरंकुशताको विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगत नेताहरु प्रति हार्दिक भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलकको सार्वभौमिकता , भौगोलीक अखण्डता , राष्ट्रिय एकता स्वाधिनता र स्वाभिमानको रक्षा गर्दे लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्न हुने सम्पुर्ण आदरणीय नेर्तृत्व गण प्रति उच्च सम्मान गर्दछु । यस गरीमामय नगरसभामा लोकतान्त्रिक अभ्यास अन्तर्गत यस क्षेत्रको जनताहरुको अमुल्य मतको सहयोगमा निर्वाचितको नाताले यस नगरको समग्र विकासको लागि माग ,आवश्यकता र आम सहमतिको आधारमा को आधारमा आ.व. २०७७।७८ को वजेट पेश गर्न पाएकोमा गौरावान्वित महशुस गरेको छु र यस नगरको विकासको लागि प्रतिवद्धता व्यक्त गर्दछु ।

२. विश्वव्यापि माहामारीको रुपमा फैलिएको कोरना रोगको कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामाना गरेको परिस्थितीमा यस वाट हाम्रो क्षेत्र पनि कोरनाको उच्च जोखिममा परेको छ यस वाट निर्माण कार्य र व्यापार आन्तरीक राजश्वमा प्रभाव परेको छ र वजेटको धेरै हिस्सा रकम कोरना प्रभावित नागरीकहरुको लागि राहात सामाग्री वितरण, क्वारेन्टाईन व्यवस्थापन, आईसोलेसन वार्ड र औषधि जन्य र गाडी ईन्धन र अन्य खर्च गर्नुपर्ने कारण विकास निर्माणमा प्रतिकुल प्रभाव परेको छ ।

३. आगामी आर्थिक वर्षको वजेट नयां परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामाना गर्ने र प्राप्त अवसरहरुलाई उपयोग गर्ने, नगरवासिहरुको जिवन रक्षा गर्ने भविष्य प्रति आधारयूक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दे तीव्र विकासको वाटोमा लैजाने गरी वजेट तर्जुमा गरीएको छ ।

४. वजेट तर्जुमा गर्दा मुलत : नेपालको संविधान र कानुनहरु, नेपाल सरकार र कर्णाली प्रदेश सरकारका नीति तथा कार्यक्रम पन्धौ योजना र दिगो विकास लक्षलाई आधार वनाईएको छ । वजेट तर्जुमा गर्दा राजश्व परमर्श समितिको सुझाव तथा प्रतिवेदन, विषयगत कार्यालय र शाखागत



वनगाड कुपिण्डे नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्यान

नि.प्रमुख प्रशासकीय अधिकृत

संस्थागत सक्षमता र संस्थागत स्मरणलाई प्रभावकारी बनाउन आवश्यक पुर्वाधार निर्माण, आधुनिक नागरिक वडापत्र, सेवा प्रवाहमा मापदण्ड निर्माण तथा सेवाप्रवाहमा विद्युतीय सुचना प्रविधिको विकासका लागि अध्ययन, विकास र सञ्चालन आवश्यक बजेटको विनियोजन गरिएको छ ।

कार्यालयमा कार्यलाई प्रभावकारी वनाउन तथा कामलाई पारदर्शी, सरल एवम् सहजरुपले जनताको घरदैलो सम्म पुऱ्याउने र सेवा प्रवाहलाई सहज वनाउन तथा सुशासनको प्रत्याभुति दिन मेशनरी औजार, सवारी सधान खरिद वापत, घरेलु हिंसा विरुद्धको जनचेतनामूलक कार्यक्रम, सार्वजानिक सुनुवाई, एकिकृत सम्पति कर सम्वन्धि अनुशिक्षण तथा अन्य तयारी,एकिकृत नगरविकास योजना तथा नगर यातायात गुरुयोजना,भवन निर्माण मापदण्ड निर्माण तथा प्रकाशन, कर्मचारीहरुको पारीश्रमीक र पदाधिकारीहरुको अन्य खर्चमा लगायत अन्य विविध कार्यक्रमहरु सञ्चालनकालागी एकमुष्ठ अनुमानित **रु १० करोड ५९ लाख** रकम विनियोजन गरिएको छ ।

**नगरसभा सदस्य ज्यूहरु,**
**अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान पेश गर्दछु ।**
आगामि आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु.का लागि **रु.५२ करोड ३८ लाख** विनियोजन गरेको छु । कुल विनियोजनमध्ये **चालुतर्फ रु. २९ करोड ४० लाख ९६** हजार अर्थात **५६ प्रतिशत** र पुँजीगततर्फ रु. **२२ करोड ९७ लाख ६६ हजार** अर्थात् ४४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७।०७८ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रु. ४५ लाख** अर्थात १ प्रतिशत, नेपाल सरकार वित्तीय समानीकरण र शर्सत अनुदानबाट **रु. ३५ करोड ९८** लाख अर्थात ६६ प्रतिशत, राजश्व वाँडफाँडबाट **रु १० करोड ५९ लाख ६२ हजार** अर्थात १९.५ प्रतिशत विशेष अनुदान रकम **१ करोड** अर्थात २ प्रतिशत त्यस्तै गरी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान **रु १ करोड ३** लाख अर्थात २ प्रतिशत कर्णाली प्रदेश सरकार राजश्व वांडफांड **१० लाख १५ हजार** व्यहोर्ने प्रक्षेपण गरिएको छ । यस आ.व.मा जम्मा आय **४९ करोड १५लाख ८७ हजार** रहेको छ र अपुग रकम **३ करोड २२ लाख १३** हजार रकम यस आ.व.को वचत रकम वाट वेहोरीनेछ ।

आर्थिक वर्ष २०७७।०७८का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन:

- कर गरेर कर उठाउनुपर्ने अवस्थाको अन्त्य गर्न सचेतना कार्यक्रममार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।



नि.प्रमुख प्रशासकीय अधिकृत
बनगाड कुपिण्डे नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्यान